आज मिति २०७८ साल कार्तिक ०८ गते बर्दिया जिल्लाका प्रमुखजिल्ला अधिकारी एवम् जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष श्री सन्त बहादुर सुनारको अध्यक्षतामा देहायका पदाधिकारीहरूको उपस्थितिमा जिल्ला विपद् व्यवस्थापन समिति, बर्दियाको बैठक बसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति

प्र.जि.अ. श्री सन्त बहादुर सुनार जि.प्रशा.का. बर्दिया अध्यक्ष
प्रमुख, श्री शंकर प्रसाद थारु, जि.स.स.
नगर प्रमुख श्री सालिकराम अधिकारी, बाँसगढी नगरपालिका
अध्यक्ष श्री लाल बहादुर श्रेष्ठ, बढैयाताल गाउँपालिका
~~नगर उपप्रमुख श्री मनकला कुमारी चौधरी, राजापुर नगरपालिका~~
अध्यक्ष श्री जमान सिं के.सी., गेरुवा गाउँपालिका
नगर उपप्रमुख श्री मनकला कुमारी चौधरी, राजापुर नगरपालिका
प्रतिनिधी श्री कैलाश प्रसाद अधिकारी ने.का.
प्रतिनिधी श्री धनेश्वर कुमार यादव, ने.का.पा. एमाले
प्रतिनिधी श्री केशव कुमार यादव, लो.स.पा.
प्रतिनिधी श्री कृष्ण यादव (म.स.फो) ज.स.पा. नेपाल
स.प्र.जि.अ. श्री माधव प्रसाद शर्मा, जि.प्रशा.का.
प्र.उ. श्री ईश्वर कार्की, जि.प्र.का.
स.प्र.उ. श्री नरबहादुर रावत, स.प्र.ब. नं.३१ गण हे.क्वा.
प्र.प्र.अ. श्री प्रकाश देवकोटा, गुलरिया न.पा.
प्र.प्र.अ श्री रामहरि रिजाल, ठाकुरबाबा न.पा.
अध्यक्ष श्री टेक बहादुर ... वि.ग्रुप बाँके
प्रतिकार्य व्यवस्थापक श्री केशवदत्त भट्ट केयर नेपाल
विष्णु तिमिल्सिना - अध्यक्ष गैसस महासंघ बर्दिया
आ.प्र. अनुभव चौधरी, बबई बाढ़ा औरही नदी व्यवस्थापन आयोजना
उ.का.प. मोहन बहादुर मगर, घरेलु तथा साना उद्योग कार्यालय, बर्दिया
सह-सेनानी सौरभ चौधरी श्री भैरव प्रसाद गण, बर्दिया
... गोपाल खनाल डि.व.का.प.क. बर्दिया
ई. प्रदिप झा संघीय आयोजना कार्यान्वयन इकाई, बाँके
... नि.का.प.ई राम आश्रय साह शहरी विकास तथा भवन कार्यालय बाँके
सि.ई. अमित ... रावल संघीय आयोजना कार्यान्वयन इकाई बाँके
... समता गरुङ, थारु महिला उत्थान केन्द्र, बर्दिया

बिबेक थापा जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, गुलरिया बर्दिया ।
मुकेश ठाकुर राजापुर सिंचाई व्यवस्थापन कार्यालय, गुलरिया बर्दिया।
दिनेश प्रसाद श्रेष्ठ RKJS Bardiya
रवम्बाहिद व्हलेत - कारितास नेपाल. जिल्ला कार्यालय, बर्दिया
सुनिता तिवारी एक्सनएड नेपाल, कन्ट्याक्ट अफिस, बर्दिया
जीतराम चौधरी KMJS Nepal कार्यक्रम संयोजक
कृष्ण गोपाल चौधरी जनस्वा० नि० स्वास्थ्य कार्यालय, बर्दिया
गोपाल प्रसाद कंडेल कार्यक्रम संयोजक | गेरुवा ग्रामिण जागरण संघ
सुमित्रा पौडेल कार्यक्रम संयोजक, गेरुवा ग्रामिण जागरण संघ
गणेश व. थापा नि. वरिष्ठ कृषि अधिकृत प्रधानमन्त्री कृषि आ.प.परियोजना, बर्दिया
गोमा पौडेल बढैयाताल - ९, सनमगाउँ महिला संघ
विनोद घिमिरे, का.प्र. रु.कृ. तथा प.वि.का. बर्दिया
डा. सुमन खनाल, प.वि.अ. " " " " "
एक राज बली मधुवन न.पा. कृ.वि.शा. प्र०
विनोद प्र. अधिकारी - सञ्चारकर्मी, राष्ट्रदूत
शेर बहादुर राना डि.डि.सि. बिकास तथा ह.इ. बर्दिया प्रा.प.
मोहन सिंह केसी कृषि सामग्री कम्पनी लि. शाखा प्र.
अनुपम वली प्लान इन्टरनेसनल नेपाल
बिष्णु नेपाली, दलित महिला उत्थान संघ, कार्यक्रम संयोजक
शारदा थापा जिल्ला अस्पताल बर्दिया
महेश्वर वडगौतम नेपरेड सं. बर्दिया
भिममाया परियार सामुदायिक विकास संस्था केन्द्र अ.
सन्तोष ढकाल ACT Member
ओम प्रकाश डवकोटा प्रशासकीय अधिकृत जि. प्रशासन कार्यालय
देव के.सि. बारबर्दिया न.पा. विपद संयोजक
काशीराम चौधरी, अध्यक्ष बर्दिया जिल्ला अदालत बार एशोसियसन
रमेश कुमार बारबर्दिया न.पा., बर्दिया, प्र.प्र.अ.
तिलक न्यौपाने खा.पा. तथा स.डि.का. बाँके, डि.प्र.
धर्मराज पन्त खाद्य व्यवस्था तथा व्यापार कं. लि.
राजापुर, बर्दिया /
रघु सिंह धामी बर्दिया ३ गोठ गाउँपालिका अध्यक्ष /
देव दमाई गुलरिया " " "
बालकृष्ण ढकाल बढैयाताल " "
नवीन बडाल डि.डि. डिभिजन वन कार्यालय
बिरेन्द्र कुमार शर्मा → कृष्णसार संरक्षण क्षेत्र
तोयनाथ ओली - अनुसन्धान अधिकृत - राष्ट्रिय अनुसन्धान

| | | |
|---|---|---|
| (signature) | छविलाल वान्तोला | खा.पा. तथा स.डि.ओ. |
| (signature) | धर्म कुमार न्यौपाने | कर्णाली नदी व्यवस्थापन आयोजना |
| (signature) | विश्वराज भट्ट | युनिसेफ नेपाल, खा.स. अधिकृत |
| (signature) | कुंगा तण्डुप लामा | ,, ,, का.से.प. |

निर्णयहरु

१. मिति २०७८/०६/३१ गते अपरान्हदेखि २०७८/०७/०३ गतेसम्म हावाहुरी सहित परेको अविरल वर्षा एवम् कर्णाली नदीमा आकस्मिक रुपमा आएको बाढीका कारण भएको क्षति र कोभिड-१९ संक्रमण जोखिम रोकथाम, नियन्त्रण, निदान र उपचारका सम्बन्धमा जिल्ला विपद् व्यवस्थापन समिति, विषयगत क्षेत्रहरु र स्थानीय विपद् व्यवस्थापन समितिबाट हालसम्म भए गरेका कार्य, देखिएको समस्या र आगामी कार्यदिशाका सम्बन्धमा छलफल एवम् समीक्षा गरियो ।

२. राजापुर नगरपालिका र गेरुवा गाउँपलिकामा बाढीबाट प्रभावित वडाहरुमा बर्षा र बाढीबाट भएको क्षतिको विस्तृत घरधुरी सर्वेक्षण फारम भर्ने कार्य भईरहेको । उक्त सर्वेक्षणको अभिलेखिकरणलाई थप सहज तथा व्यवस्थित गर्नका लागि आवश्यक जनशक्ति व्यवस्थाका लागि जिल्ला अगुवा संस्था DLSA लाई अनुरोध गर्ने र थप सहजीकरण विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट यस जिल्लामा हालै खटिनु भएका ACT स्वयंसेवक सदस्यहरुले गर्ने ।

३. हावाहुरी सहित परेको अविरल वर्षाका कारण बर्दिया जिल्लामा कृषि क्षेत्रमा भएको क्षतिको विवरण संकलन गर्न बाँकी रहेका स्थानीय तहहरुले मिति २०७८/०८/०९ गते भित्र तोकिएको ढाँचामा संकलन गरी एकिकृत कृषि तथा पशुपंक्षी विकास कार्यालय मार्फत यस समितिमा पेश गर्ने ।

४. कर्णाली नदी तटीय क्षेत्रका गेरुवा गाउपालिका अन्तर्गतका सरखोल, राजिपुर, बनधुस्रा, खुटेनहा र राजापुर नगरपालिका अन्तर्गतका टिहुनी, मुर्गहवा, दौलतपुर, तिघ्रा, नंगापुर, चख्खापुर, टेडिया, राजापुर, सत्ती संघर्षनगर, छेदिया र भालुफाँटा आदि र कटान भइरहेको नर्सरीटोल, टेडिया लगायतका स्थानमा आपतकालीन कटान नियन्त्रणका लागि कर्णाली नदी व्यवस्थापन आयोजना, बर्दियालाई अनुरोध गर्ने।

५. बर्दिया जिल्लाभई बग्ने कर्णाली, गेरुवा, बबई, मानखोला लगायतका अन्य नदीनालाहरुले बर्षेनी बाढीजन्य विपद्बाट क्षति नहुने गरी दिगो समाधान गर्न श्रोत सुनिश्चितताका लागि संघीय सरकार र प्रादेशिक सरकारमा पुनः अनुरोध गर्ने ।

६. प्रारम्भिक लेखाजोखा प्रतिवेदन (IRA) वाट राजापुर वडा नं. १ मा ७४८ घर, वडा नं. ३ मा ३८४ घर, वडा नं. ७ मा ७७ घर, वडा नं. ४ मा १५ घर, वडा नं. ९ मा १ घर, वडा नं. १० मा ५ घरधुरी तथा गेरुवा गाउँपालिका वडा नं. २ मा १०० घरधुरी र वडा नं. ३ मा ११० घरधुरीका गरी अनुमानित कुल ७२२० जनसंख्यालाई तोकिएको मापदण्ड बमोजिम तत्काल १५ दिनका लागि पुग्ने खाद्यान्न व्यवस्थापन गर्न जिल्ला विपद् व्यवस्थापन कोषबाट खाद्यान्न (चामल, दाल, तेल तथा नुन) उपलब्ध गराउने । उक्त खाद्य सामग्री खरिदमा भएको खर्च रकमको सोधभर्नाका लागि संघीय सरकार/प्रदेश सरकार समक्ष अनुरोध गर्ने ।

७. सबै बिषयगत क्षेत्रहरु, सरकारी तथा गैरसरकारी कार्यालय/संस्थाहरु एवम् सम्बद्व सरोकारवाला सबैले जिल्लामा आएको बर्षा तथा बाढीजन्य विपद्बाट पीडित परिवारलाई तत्काल राहत तथा पुनःस्थापना लगायतका क्षेत्रमा खाडल पहिचान गरी यथाशक्य सहयोग गर्न सरकारी तथा गैरसरकारी संघसंस्था लगायत सरोकारवाला सबैमा अनुरोध गर्ने ।

८. कर्णाली र बबई नदीको पानीको बहावको स्तरबारे समयमै सूचना दिई बाढीजन्य विपद्बाट यस जिल्लामा हुनसक्ने क्षति न्यूनीकरणका लागि कर्णाली नदीको चिसापानी र बबई नदीको चेपाङ्गमा रहेका गेज रिडरहरुलाई मनसूनको समयमा करिब ४ महिनाको लागि प्रोत्साहन भत्ता स्वरुप मासिक रु. ६,०००।- का दरले प्रति व्यक्ति २४,०००।- पाउने गरी २ जनालाई जम्मा रु. ४८,०००।- यस अघि स्थानीय तहबाट प्राप्त भई जिल्ला विपद् व्यवस्थापन कोषमा मौज्दात रहेको रकमबाट उपलब्ध गराउने ।

९. हालसम्म विपद् व्यवस्थापन कार्यमा सहयोग गर्नुहुने सबैमा आभार सहित धन्यबाद ज्ञापन गर्ने ।

२०७८/०७/०८